# कृष्णपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गुलरिया, कर्णाली प्रदेश / लुम्बिनी प्रदेश

गुलरिया, कन्चनपुर, सुदूरपश्चिम प्रदेश

## शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७।१०।०७**

यस कृष्णपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत किशोरी अवस्थाका छात्राहरुलाई महिनावारीका समयमा निःशुल्क वितरण गर्न सेनिटरी प्याडहरु शिलवन्दी दरभाउपत्रद्धारा खरिद गर्नु पर्ने भएकाले नेपाल सरकारवाट ईजाजत प्राप्त ईच्छुक फर्म/कम्पनीहले नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७६।०७७ को करचुक्ता प्रमाणपत्र र कालो सुचिमा नरहेको स्वघोषणा पत्र संलग्न राखी तपशिल शर्तहरुको अधीनमा रही मिति २०७७।१०।२१ गते भित्र रितपुर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**दरभाउपत्रका शर्तहरु**

१. दरभाउपत्र सम्वन्धि कागजातहरु **मिति २०७७।१०।०७** गते देखी मिति २०७७।१०।२१ गते कार्यालय समय भित्र यस कार्यालयवाट फाराम दस्तुर **रु.१०००।०० (पछी फिर्ता नहुने गरी )** तिरी खरिद गर्न सकिनेछ ।

२.खरिद गरेको दरभाउपत्र मिति २०७७।१०।२२ को दिनको १२.०० वजे भित्र सिलवन्दी गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु कार्यालय प्रतिनिधि तथा दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा सोही दिनको अपरान्ह २.०० वजे खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थीत नभएपनि दरभाउपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

३. धरौटी (जमानत) वापत कृष्णपुर नगरपालिका, नगर कार्यपालिकाको एन.सि.सि. बैंक, कृष्णपुर शाखामा रहेको **ग.३.१.धरौटी खाता नं. १४८०००००२१०१** मा तपशिल बमोजिमको रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट **कम्तीमा ७५ दिन** म्याद भएको मान्यता प्राप्त वाणिज्य वैंक वा वित्तीय संस्थावाट यस कार्यालयको नाममा जारि भएको विडवण्ड वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४.दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

५. आयकर लगायत स्थानीय कर, ढुवानी खर्च र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर (मु.अ.कर वाहेक) सम्वन्धीत दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ ।

६.दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७.दरभाउपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप भएको, शिलवन्दी खाम बाहीर कार्यालयको नाम, कार्यको विवरण र दरभाउपत्रदाता फर्मको नाम, ठेगाना, मोवाइल नं. र छाप लागेको हुनुपर्ने, दरभाउपत्रको प्रत्येक पानामा विवरण स्पस्ट संग भरी प्रत्येक पानामा दस्तखत र सही छाप गरेको हुनु पर्नेछ ।

८. दरभाउपत्रसाथ आपुर्ती गर्ने स्यानीटरी प्याडहरुको गुणस्तर सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसुचि १ बमोजिम हुनुपर्नेछ ।

९.आपुर्ति गर्ने स्यानिटरी प्याडको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तीमा १५ महिना बाकी भएको हुनुपर्नेछ । प्रत्येक प्याकको वाहीर उत्पादन मिति, व्याच नं., Expiry Date उललेख भउको हुनुपर्नेछ ।

१०.विदेशी स्यानीटरी प्याडका हकमा सम्वन्धित विभागको पैठारी सिफारिस पत्र प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

११.सूचनामा परेका व्यहोराहरु वाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०७६ (संसोधन सहीत) तथा नेपाल सरकारको कानुन अनुसार हुनेछ ।

१२. दरभाउपत्र सम्वन्धमा अन्य कुराहरु वुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

**दरभाउपत्र सम्वन्धी कार्यको विवरण**

| ठे.न. | कामको विवरण | लागत अनुमान ( मु.अ.कर वाहेक) रु. | जमानत रकम रु |
|---|---|---|---|
| २४/SUP/२०७७०७८ | स्यानिटरी प्याड खरिद | १७,६४,०००।- | ४४,५००।- |

१०।०७

प्रमुख प्रशासकीय अधिकृत

१०।०७

शिव सिंह भण्डारी
उप सचिव
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner